# लालझाडी-मोहना वन संरक्षण क्षेत्रको विशेष कार्ययोजनाको प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसुची

## कार्यसुचीको विषयसुची

परिच्छेद-१: प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना ........ ३
१.१ प्रस्तावकको नाम, ठेगाना, इमेल र फोन नं ........ ३
१.२ परामर्शदाताको नाम र ठेगाना ........ ३
परिच्छेद-२: प्रस्तावको परिचय ........ ४
२.१ प्रस्तावको सामान्य परिचय ........ ४
२.२ प्रस्तावका प्रमुख जानकारी ........ ५
२.३ प्रस्तावको सान्दर्भिकता ........ ६
२.४ प्रस्तावको कानूनी औचित्य ........ ६
२.५ कार्यसूचीको उद्देश्य ........ ७
२.६ आयोजनाको प्रभाव क्षेत्र निर्धारण ........ ७
परिच्छेद-३: प्रतिवेदन गर्दा अपनाउनु पर्ने विधि ........ ८
३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क ........ ८
३.२ तथ्याङ्क सङ्कलन गर्दा अपनाईने विधि ........ ९
३.३ सूचना प्रकाशन ........ १०
३.४ परामर्श / छलफल / अन्तर्क्रिया तथा सार्वजनिक सुनुवाई ........ ११
३.५ सरोकारवाला निकायहरूबाट सल्लाह, सुझाव तथा सिफारिस पत्र ........ ११
३.६ प्रभाव पहिचान, आकलन तथा उल्लेखनीय प्रभावको मूल्यांकन गर्दा अपनाइने विधि ........ ११
३.७ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अन्तिम रूप ........ १२
परिच्छेद-४: प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सम्झौता ........ १३

४.१ नेपालको संविधान........................................................................................१३
४.२ प्रस्तावसंग सम्बन्धित नीति, रणनीति तथा योजना ...................................................१३
४.३ प्रस्तावसंग सम्बन्धित ऐन.............................................................................१३
४.४ प्रस्तावसंग सम्बन्धित नियमावली..................................................................१४
४.५ प्रस्तावसंग सम्बन्धित कार्यविधि/निर्देशिका.......................................................१४
४.६ प्रस्तावसंग सम्बन्धित मापदण्डहरु ................................................................१४
४.७ प्रस्तावसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरु ........................................१४
परिच्छेद-५: प्रस्तावित प्रतिवेदन तयार गर्ने समय, अनुमानित बजेट......................................१५
५.१ प्रतिवेदन तयार गर्दा लाग्ने समय ...................................................................१५
५.२ अनुमानित बजेट.......................................................................................१६
परिच्छेद-६: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने खास प्रभाव.............................१७
६.१ सकारात्मक प्रभाव ....................................................................................१७
६.२ नकारात्मक प्रभाव ....................................................................................१७
परिच्छेद-७: प्रस्तावित कार्यान्वयनका विकल्पहरू ............................................................१८
परिच्छेद-८: प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका उपायहरू..........१९
परिच्छेद-९: प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने विषय............................................२१
९.१ अनुगमन योजना.......................................................................................२१
९.२ वातावरणीय व्यवस्थापन योजना.....................................................................२१
परिच्छेद-१०: अन्य आवश्यक विषय ..........................................................................२२

# परिच्छेद-१: प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

## १.१ प्रस्तावकको नाम

प्रस्तावित लालझाडी-मोहना वन संरक्षण क्षेत्रको विशेष कार्ययोजनाको प्रस्तावक वन तथा भू-संरक्षण विभागको वन व्यवस्थापन शाखा रहेको छ ।

प्रस्तावकको विस्तृत विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ।

प्रस्तावकको नाम : वन तथा भू-संरक्षण विभागको वन व्यवस्थापन शाखा

## १.२ परामर्शदाताको नाम र ठेगाना


प्रस्तावित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन गर्ने परामर्शदाता स्वतन्त्र परामर्शदाता हुनेछ।

# परिच्छेद-२ः प्रस्तावको परिचय

## २.१ प्रस्तावको सामान्य परिचय

नेपालमा राष्ट्रिय तथा अन्तराष्ट्रिय दृष्ट्रिकोणले वातावरणीय, परिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्व बोकेको, जलाधार संरक्षण हिसाबले संवेदनशील देखिएको, संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको वा पर्यापर्यटन विकास गर्न उपयुक्त देखिएका वन क्षेत्रहरु वन संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन हुँदै आइ रहेका छन्। नेपालमा वन संरक्षण क्षेत्र विभिन्न प्राकृतिक सौन्दर्य, जैविक विविधता र वन संसाधनको संरक्षण गर्ने उद्देश्यमा सञ्चालन भइरहेका छन्।

लालझाडी-मोहना वन संरक्षण क्षेत्र जैविक विविधताको हिसावले महत्वपूर्ण क्षेत्र हुनुको साथै एक संरक्षित क्षेत्रबाट अन्य संरक्षित क्षेत्रमा वन्यजन्तु आवतजावत गर्ने अति महत्वपूर्ण जैविकमार्गको रुपमा रहेको क्षेत्र हो। वन तथा भू संरक्षण विभाग र डब्लुडब्लुएफ नेपालले यी क्षेत्रहरूको दिगो व्यवस्थापन, जैविक विविधता संरक्षण र समुदायको सहभागिता सुनिश्चित गर्न "लालझाडी-मोहना वन संरक्षण क्षेत्र विशेष कार्ययोजना" तयार गरेको छ।वातावरण संरक्षण नियमावली, २०७७ अनुसार, यदि वन विशेष कार्ययोजनाबाट संकलित वन उत्पादनको परिमाण तोकिएको सीमा भन्दा बढी हुने भएमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्दछ। तसर्थ, सोही अनुसार लालझाडी-मोहना वन संरक्षण क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्दछ।




*लालझाडी-मोहना वन संरक्षणको अवस्थिती तथा भू-उपयोगको नक्सा*

## २.२ प्रस्तावका प्रमुख जानकारी

यस आयोजना को प्रमुख विशेषता निम्न तालिका मा प्रस्तुत गरिएको छ ।

| क्र.सं | विशेषता | वर्णन |
|---|---|---|
| १ | **प्रस्तावको नाम** | लालझाडी-मोहना वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना |
| २ | **प्रस्ताव कार्यान्वयन हुने क्षेत्र** | |
| | प्रदेशः | सुदुरपश्चिम |
| | जिल्लाः | कैलाली र कंचनपुर |
| ३ | **चारकिल्ला** | पूर्वः गोदावारी नगरपालिका र धनगढी उप महानगरपालिका<br>पश्चिमः शुक्लाफाँटा नगरपालिका र शुक्लाफाँटा रा.नि. मध्यवर्ति क्षेत्र<br>उत्तरः डडेल्धुरा जिल्लाको आलिताल गाँउपालिका र कैलालीको चुरे गाँउपालिका<br>दक्षिणः भारतको दुधुवा राष्ट्रिय निकुञ्ज, कञ्चनपुर जिल्लाको पुर्नवास, वेलौरी नगरपालिका र शुक्लाफाँटा रा.नि. मध्यवर्ति क्षेत्र |
| ४ | **भौगोलिक अवस्थिति** | समुद्र सतहबाट १६३ मीटर देखि १४२५ मीटर सम्मको उचाईमा फैलिएर रहेको |
| ५ | **क्षेत्रफल** | ३७,८७५.६४ हेक्टर (आवादी जग्गा समेत) |
| ६ | **भू-उपयोग** | २६,९९९.८४ हे वन,<br>८,३१४.९२ हे कृषि भुमि तथा बसोबास क्षेत्र,<br>१,४०९.१४ हे घासे मैदान,<br>२७९.८४ हे नदी तथा जलाशय क्षेत्र,<br>२२८.४२ हे खाली क्षेत्र तथा<br>६७३.४८ हे वगर तथा वलौटे क्षेत्र |
| ७ | **सामाजिक पक्ष** | घरधुरीः ४१,७६१<br>कुल जनसंख्याः २,०८,८०७<br>जातजातीः पहाडी बाह्मण, क्षेत्री, थारु, ठकुरी र दलित<br>साक्षरताः ५६.८ % |

| क्र.सं | विशेषता | वर्णन |
|---|---|---|
| | | मुख्य पेशाः कृषि, पशुपालन, मत्स्यपालन र वन सम्बन्धी पेशा, वैदेशिक रोजगार तथा सामान्य ज्याला मजदुरी |
| ८ | **वनको प्रकार** | खोटे सल्लाको वनः ४.२ %<br>पहाडी साल तथा अन्य प्रजातिः ९.९%<br>Low tropical साल तथा अन्य मिश्रित चौडापाते वनः ८५.९% |
| ९ | **वार्षिक वन पैदावार संकलन कार्य** | वार्षिक स्वीकार्य कटान परिमाणः कुल १०७८८.९३ घन मिटर (३८०९९४.३४ घन फिट) |
| १० | **माटोको प्रकार** | पाँगो, बलौटे, दोमट बलौटे र चिम्टायाईलो रातो माटो |
| ११ | **मौसम** | उष्ण प्रदेशिय हावापानी |
| १२ | **प्रस्तावित क्षेत्रफलको स्वामित्व** | नेपाल सरकार (वन क्षेत्र) |

## २.३ प्रस्तावको सान्दर्भिकता

यस विशेष कार्ययोजनाको प्रमुख उद्देश्य वन संरक्षण क्षेत्रको दिगो व्यवस्थापन मार्फत वातावरणीय संरक्षण, पारिस्थितिक सेवा, र जैविक विविधताको सुदृढीकरण गर्ने भन्ने रहेको छ । यस कार्ययोजनाले वनको दिर्घकालिन संरक्षण सुनिश्चित गर्दै जैविक विविधता संरक्षण गर्न मद्दत गर्छ। वन स्रोतको विवेकशील उपयोगका लागि स्पष्ट रणनीति प्रदान गर्दै यसले काठ, दाउरा, जडिबुटी तथा अन्य वन पैदावारको उचित उपयोग गर्न मार्गदर्शन गर्छ। साथै स्थानिय समुदाय, उपभोक्ता समुह ,वन उपभोक्ता समिति तथा सरोकारवालाहरुको सक्रिय सहभागितालाई प्राथमिकता दिदै यस योजनाले रोजगारी सिर्जना, पर्यटन प्रवर्धन र स्थानिय अर्थतन्त्र प्रवर्धनमा योगदान पुर्याउछ।

## २.४ प्रस्तावको कानूनी औचित्य

वातावरण संरक्षण नियमावली २०७७, को अनुसूची-२ (क) वन क्षेत्र (८) अनुसार देहायको परिमाणमा वन पैदावार सङ्कलन गर्ने गरी जिल्ला भित्रको पन्चवर्षीय वन कार्ययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने क्रममा वार्षिक २ लाख घन फिट भन्दा बढी काठ उत्पादन तथा संकलन गर्ने भएमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ।प्रस्तावित विशेष कार्ययोजना अनुसार यस वन संरक्षण क्षेत्रको वार्षिक स्वीकार्य

कटान परिमाण कुल ३,८०,९९४.३४ घन फिट भएकोले प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्दछ।

## २.५ कार्यसूचीको उद्देश्य

कुनै पनि योजनाको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने मुख्य उद्देश्य भनेको परियोजनाको सञ्चालनबाट वातावरणमा पर्न सक्ने सम्भावित नकारात्मक प्रभावहरूलाई रोकथाम गर्ने वा न्यूनिकरण गर्ने तथा सकारात्मक प्रभावहरूलाई बढावा दिएर योजनाको दीगोपन र कार्यसम्पादन क्षमतालाई सुदृढ बनाउनु हो । यस कार्यसूचीले वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनलाई व्यवस्थित, विस्तृत र समसामयिक बनाउन मद्दत गर्नेछ । साथै, यसले प्रारम्भिक वातावरणीय परीक्षणका लागि अध्ययन गर्नुपर्ने वातावरणीय सवालहरुको सूची तयार गर्ने, अध्ययन विधिलाई व्यवस्थित बनाउने तथा अध्ययनलाई आवश्यक मार्गदर्शन प्रदान गर्ने उद्देश्य राख्दछ।

## २.६ आयोजनाको प्रभाव क्षेत्र निर्धारण

प्रस्तावित आयोजनाको प्रभाव क्षेत्र निम्नानुसार रहनेछ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन गर्ने सिलसिलामा प्रभाव क्षेत्रको विस्तृत रुपमा अध्ययन गर्नु पर्नेछ। यस विशेष कार्ययोजनाको कार्यान्वयनबाट कैलाली र कंचनपुर जिल्लामा प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै प्रकारका प्रभावहरू पर्नेछन्।

### प्रत्यक्ष प्रभाव क्षेत्र

विशेष कार्ययोजना कार्यान्वयनका गतिविधिहरूबाट कुनै क्षेत्रको भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा प्रत्यक्ष रूपमा प्रभाव पर्ने क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्र मानिएको छ। वन संरक्षण क्षेत्र वरीपरी आवादी जमिनसंग जोडिएर रहेको सवै क्षेत्रहरुमा करिव १.५ कि. मी. भित्रको वनलाई मोटामोटी रुपमा रेखाङकन गरी Fringe area लाई समुदायद्वारा सकृय व्यवस्थापन गरिने वन क्षेत्रको रुपमा हस्तान्तरण गरिएको छ जसलाई प्रत्यक्ष प्रभाव क्षेत्रका रूपमा प्रस्ताव गरिएको छ।

### अप्रत्यक्ष प्रभाव क्षेत्र

विशेष कार्ययोजना कार्यान्वयनका गतिविधिहरूबाट कुनै क्षेत्रको भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा अप्रत्यक्ष रूपमा प्रभाव पर्ने क्षेत्रलाई अप्रत्यक्ष प्रभाव क्षेत्र मानिएको छ। प्रत्यक्ष प्रभाव क्षेत्रको वरपर अवस्थित नगरपालिकाहरू तथा गाउँपालिकाहरूका भू-भागलाई अप्रत्यक्ष प्रभाव क्षेत्रका रूपमा प्रस्ताव गरिएको छ।

# परिच्छेद-३ः प्रतिवेदन गर्दा अपनाउनु पर्ने विधि

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ११ मा दिइएको ढाँचा अनुसार तयार गर्नुपर्दछ। यस प्रतिवेदनमा विशेष कार्ययोजनासँग सम्बन्धित भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणको विवरण सङ्कलन गरी दस्तावेज तयार गर्नुपर्नेछ। प्रारम्भिक वातावरणीय परीक्षणमा अनुसरण गरिने विधिहरु निम्नानुसर छन् ।

## ३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क

यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नका लागि भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणको अध्ययनको लागि निम्नानुसारको तथ्याङ्क सङ्कलन गर्नुपर्दछ।

### ३.१.१ भौतिक तथा रसायनिक वातावरण

भौतिक तथा रासायनिक वातावरणका लागि निम्नानुसारको तथ्याङ्कहरुको आवश्यकता पर्नेछः

- भू-उपयोग
- मौसम र हाईड्रोलोजि
- भूगोल, माटो, भूक्षय र भूअस्थिरता
- हावाको गुणस्तर
- हरितगृह ग्याँस उत्सर्जन
- पानीको गुणस्तर
- ध्वनिको गुणस्तर
- जलाधार क्षेत्रको अवस्था तथा प्राकृतिक प्रकोपको सम्भावना
- भूकम्प तथा यसले पार्न सक्ने क्षति

### ३.१.२ जैविक वातावरणः

जैविक वातावरणका लागि निम्नानुसारको तथ्याङ्कहरु आवश्यकता पर्नेछः

- वन तथा वनस्पती, पारिस्थितिकीय प्रणाली, अवस्था र प्रकारहरु
- औषधिय गुण तथा स्थानीय महत्वका वनस्पतिक प्रजातिहरु
- दुर्लभ, लोपोन्मुख, संकटापन्न, अति संकटापन्न तथा स्थानीय स्तरमा मात्र पाईने वन्यजन्तु तथा वनस्पति प्रजातिहरु
- वन्यजन्तुको अवस्था तथा आवास क्षेत्रहरु

- वन्यजन्तुको जैविक विविधता तथा यसका महत्वहरु
- नदी पारिस्थितिकीय प्रणाली, मुख्य क्षेत्र तथा अवस्था

### ३.१.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका लागि निम्नानुसारको तथ्याङ्कहरु आवश्यकता पर्नेछः

- प्रस्तावबाट प्रभावित हुने स्थानीय तहको भू-उपयोग
- प्रस्तावबाट प्रभावित हुने स्थानीय तहको जनसांख्यिकीय विशेषताहरु (जनसंख्या, जातजाति, साक्षरता, धर्म, स्वास्थ्य र सरसफाई, व्यवसायिक स्थिति, आय र व्याय, आर्थिक गतिविधि, आदि )
- प्रस्तावबाट प्रत्यक्ष रुपमा प्रभावित हुने घरधुरीहरुको जनसांख्यिकीय विशेषताहरु (जनसंख्या, जातजाति, साक्षरता, धर्म, स्वास्थ्य र सरसफाई, व्यावसायिक स्थिति, आय र खर्च, आर्थिक गतिविधि, आदि )
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा निर्भर हुने समुदायहरुको स्थिती
- आयोजना प्रभावित क्षेत्रमा भएका भौतिक पूर्वाधारहरु तथा भएका सेवा सुविधाहरु
- आयोजनाबाट प्रत्यक्ष प्रभावित हुने क्षेत्रमा भएका भौतिक पूर्वाधारहरु तथा भएका सेवा सुविधाहरु
- आयोजनाबाट प्रत्यक्ष प्रभावित क्षेत्रमा कृषिको अभ्यास तथा उत्पादन
- नजिकको बजारको अवस्थिति, अवस्था तथा दैनिक जीवनमा उपभोग्य बस्तुहरुको बजार मूल्य
- पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका स्थलहरु।

## ३.२ तथ्याङ्क सङ्कलन गर्दा अपनाईने विधि

### ३.२.१ सन्दर्भ सामग्री पुनरावलोकनः

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा प्रमुख रुपमा नेपाल सरकारको नीति, ऐन, नियम तथा निर्देशिकाहरु (वातावरण संरक्षण ऐन २०७६, नियमावली २०७७, वन ऐन २०७६, राष्ट्रिय वन नीति, आदि) को पुनरावलोकन समिक्षा गर्नुपर्दछ ।

### ३.२.२ स्थलगत अध्ययन

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरुमा स्थलगत भ्रमण गरी जैविक, भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण र प्रस्ताव कार्यान्वयनबाट आउन सक्ने असरहरु सम्बन्धी आवश्यक जानकारीको

चेकलिष्ट, प्रश्नावली, प्रमुख सूचनादाता अन्तर्वार्ता, लक्षित समूह छलफलबाट लिनुपर्दछ र सोही बमोजिम प्रस्ताव क्षेत्रको पुनरावलोकन, अध्ययन र तथ्याङ्क समेत सङ्कलन पनि गर्नुपर्नेछ।

### ३.२.२.१ भौतिक वातावरणमा अपनाइने विधि

(क) स्थलगत अवलोकन (Walkthrough/Direct Observation)

(ख) भू-बनोट

(ग) पानीको स्रोतको स्थिति अवलोकन

(घ) ध्वनी स्तर मापन

### ३.२.२.२ जैविक वातावरणमा अपनाइने विधि

(क) स्थलगत अवलोकन (Walkthrough/Direct Observation), वनस्पति तथा वन्यजन्तु पहिचान, अवस्थाको मूल्यांकन,

(ख) स्थानीय मुख्य जानकार व्यक्तिहरूसँग छलफल तथा अन्तरक्रिया

### ३.२.२.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा अपनाइने विधि

(क) स्थलगत अवलोकन (Walkthrough/Direct Observation)

(ख) स्थानीय सरोकारवालासँग छलफल

(ग) स्थानीय मुख्य जानकार व्यक्तिहरूसँग छलफल तथा अन्तरक्रिया

(घ) लक्षित समूहसँग समूहीय छलफल (Focus Group Discussion)

## ३.३ सूचना प्रकाशन

प्रतिवेदन तयारीको सिलसिलामा सम्बन्धित नगरपालिका/गाँउपालिका, स्थानीय सरोकारवाला व्यक्तिहरुको राय सुझाव सङ्कलन र जानकारी दिने उद्देश्यले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम ४ बमोजिम सूचना प्रकाशन गरी मुचुल्का सङ्कलन गर्नुपर्दछ ।साथै, नियम ७ को उपनियम ३ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षणको सूचना टाँस गरी मुचुल्का सङ्कलन गर्नुपर्दछ ।

### ३.४ परामर्श / छलफल / अन्तर्क्रिया तथा सार्वजनिक सुनुवाई

विशेष कार्ययोजना परियोजना क्षेत्रभित्र उपयुक्त स्थान तोकी वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम सार्वजनिक सुनुवाइ गर्नुपर्दछ। साथै, नियम ६ मा उल्लिखित विधि, स्थान तथा समयअनुसार सार्वजनिक सूचना प्रकाशन गरी सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्नुपर्नेछ। यस्तै, प्रतिवेदन तयार भएपछि नियम ७ बमोजिम सुझाव तथा राय उपलब्ध गराउन परियोजना क्षेत्रभित्र सूचना टाँस गर्नुपर्दछ।

### ३.५ सरोकारवाला निकायहरूबाट सल्लाह, सुझाव तथा सिफारिस पत्र

विशेष कार्ययोजना कार्यान्वयनले सो क्षेत्र तथा वरपरका जैविक विविधता, शिक्षा, स्वास्थ्य, सुरक्षा तथा धार्मिक-सांस्कृतिक स्थलहरूमा पर्न सक्ने सम्भावित प्रभावका सन्दर्भमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ८ को उपनियम ८ बमोजिम अनुसूची १४ को ढाँचामा स्थानीय निकायहरू र सरोकारवालाहरूबाट आवश्यक सल्लाह, सुझाव तथा सिफारिस पत्र संकलन गर्नुपर्दछ।

### ३.६ प्रभाव पहिचान, आकलन तथा उल्लेखनीय प्रभावको मूल्यांकन गर्दा अपनाइने विधि

आयोजनाको प्रकृतिअनुसार कार्यान्वयन स्थलमा गरिने विभिन्न क्रियाकलाप तथा संवेदनशील सामाजिक, आर्थिक तथा सांस्कृतिक, भौतिक तथा जैविक वातावरणमा आधारित रहेर सबै सम्भावित वातावरणीय प्रभावहरूको पहिचान गरिनेछ। पहिचान गरिएका प्रभावहरूलाई प्रभावको परिमाण, सीमा र समयावधिको आधारमा प्रभावको स्तर वर्गीकरण एवं आकलन गरिनेछ। पहिचान गरिएका प्रभावहरूको स्तर तथा आकलन गर्न प्रयोग गरिएको आधार निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**प्रभावको स्तर आंकलन गर्ने आधार**

| परिमाण | | सीमा | | समयावधि | |
|---|---|---|---|---|---|
| **स्तर** | **अङ्क भार** | **स्तर** | **अङ्क भार** | **स्तर** | **अङ्क भार** |
| उच्च | ६० | क्षेत्रीय | ६० | दीर्घकालीन | २० |
| मध्यम | २० | स्थानीय | २० | मध्यकालीन | १० |
| न्यून | १० | स्थलगत | १० | अल्पकालीन | ५ |

स्रोतः राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०

### ३.७ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अन्तिम रूप

वातावरण संरक्षण नियमावलीको नियम ७ बमोजिम अनुसूची ११ को ढाँचा अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको तयार पारेको विस्तृत प्रतिवेदनको खाका तथा स्वीकृत कार्यसूची अनुरुप स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएका र अन्य पहिलो र दोस्रो किसिमका विवरणको आधारमा प्रतिवेदन तयारी गरि उक्त प्रतिवेदनको पछाडी संकलित मुचुल्काहरु र सिफारिस पत्रहरु टाँस गरी अन्तिम मस्यौदा प्रतिवेदन वन तथा भू-संरक्षण विभाग समक्ष पेश गर्नुपर्दछ। प्रस्तुतिकरण गरिएको दस्तावेजलाइ पुनरावलोकन समितिहरुको लिखित र मौखिक सुझावहरु समेट्दै अन्तिम रुप दिनुपर्नेछ।

# परिच्छेद-४: प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सम्झौता

प्रस्तावित विशेष कार्ययोजनाले आकर्षित गर्ने क्षेत्र तथा त्यससँग सम्बन्धित वातावरणीय, सामाजिक, आर्थिक र जैविक पक्षहरूको अध्ययनका क्रममा नेपालका विद्यमान विविध ऐन, नियमावली, नीतिगत दस्तावेज, कार्यविधि तथा निर्देशिकाहरूको विस्तृत समीक्षा गर्नुपर्दछ। यससँगै, नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय वातावरणीय सम्झौता तथा प्रतिबद्धताहरू समेत आवश्यकताअनुसार अध्ययनमा समावेश गर्नुपर्दछ। यस अध्यायअन्तर्गत देहायमा उल्लेखित नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धीहरूको प्रतिवेदन तयारी प्रक्रियामा समग्र समीक्षा गर्नुपर्दछ।

## ४.१ नेपालको संविधान

## ४.२ प्रस्तावसंग सम्बन्धित नीति, रणनीति तथा योजना

- सोह्रौं योजना (२०८१/८२-२०८५/८६)
- राष्ट्रिय वातावरण नीति, २०७६
- राष्ट्रिय वन नीति, २०७५
- राष्ट्रिय भूमि नीति, २०७५
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०७१-२०७६)
- राष्ट्रिय सिमसार नीति, २०६९
- राष्ट्रिय जलस्रोत नीति, २०७७

## ४.३ प्रस्तावसंग सम्बन्धित ऐन

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६
- भू तथा जलाधार संरक्षण ऐन, २०३९
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८
- श्रम ऐन, २०७४
- भूमि सम्बन्धी ऐन, २०२१
- भू-उपयोग ऐन, २०७६

- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

### ४.४ प्रस्तावसंग सम्बन्धित नियमावली

- वातावरण संरक्षण नियमावली, २०७७
- वन नियमावली, २०७९
- भू-तथा जलाधार संरक्षण नियमावली, २०४२
- फोहोरमैला व्यवस्थापन नियमावली, २०७०
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६

### ४.५ प्रस्तावसंग सम्बन्धित कार्यविधि/निर्देशिका

- राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०
- स्थानीय सरकार सञ्चालन निर्देशिका, २०७४
- सामुदायिक वनस्रोत सर्वेक्षण मार्गदर्शन, २०६१
- वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३

### ४.६ प्रस्तावसंग सम्बन्धित मापदण्डहरु

- दिगो वन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०
- वायु गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- ध्वनिको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२

### ४.७ प्रस्तावसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरु

- जैविक विविधता महासन्धि, १९९२
- साइटिस महासन्धि, १९७३
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३

# परिच्छेद-५: प्रस्तावित प्रतिवेदन तयार गर्ने समय, अनुमानित बजेट

## ५.१ प्रतिवेदन तयार गर्दा लाग्ने समय

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन स्वीकृत कार्यसूची अनुसार सञ्चालन गर्नुपर्दछ। सम्झौता हस्ताक्षर भएको मितिदेखि २ महिनाभित्र यो कार्य सम्पन्न गर्नुपर्नेछ।

| क्र.स. | गतिविधिहरु | हप्ता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | सन्दर्भ सामग्री अध्ययन र समीक्षा | | | | | | | | |
| २ | प्रारम्भिक जानकारी सङ्कलन | | | | | | | | |
| ३ | कार्यसूची प्रतिवेदन प्रस्तुतिकरण तथा स्वीकृति | | | | | | | | |
| ४ | स्थलगत अध्ययन, घरधुरि सर्वेक्षण, नमुना सङ्कलन तथा तथ्याङ्क सङ्कलन | | | | | | | | |
| ५ | मस्यौदा प्रतिवेदन तयारी | | | | | | | | |
| ६ | सार्वजनिक सुनुवाईको सूचना प्रकाशन, सूचना टाँस तथा सार्वजनिक सुनुवाई | | | | | | | | |
| ७ | सार्वजनिक सूचना प्रकाशन | | | | | | | | |
| ८ | सूचना टाँस, मुचुल्का सङ्कलन तथा सिफारिस सङ्कलन | | | | | | | | |
| ९ | प्रतिवेदन पेश | | | | | | | | |
| १० | प्रतिवेदन उपर प्रस्तुतिकरण तथा राय/सुझाव सङ्कलन | | | | | | | | |
| ११ | प्रतिवेदन स्विकृति | | | | | | | | |

### ५.२ अनुमानित बजेट

यस विशेष कार्ययोजनाको प्रारम्भिक वातावरणीय परीक्षणका लागि अनुमानित बजेट तोकिए अनुसार हुनेछ।

# परिच्छेद-६: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने खास प्रभाव

प्रारम्भिक वातावरणीय परीक्षण मार्फत विशेष कार्ययोजनाको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय प्रभावहरूको पहिचान गर्नुपर्दछ। प्रभावहरूको प्रकृति, परिमाण, सीमा र समयावधि राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० बमोजिम विश्लेषण गर्नुपर्दछ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा वातावरणमा पर्न सक्ने सकारात्मक र नकारात्मक सबै प्रभावहरू समेट्नुपर्नेछ।

## ६.१ सकारात्मक प्रभाव

(क) **सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण**

- रोजगारीको अवसरहरु सृजना हुने
- स्थानियको जीविकोपार्जनमा टेवा पुग्ने
- उद्यम विकास तथा व्यापार अभिवृद्धि हुने
- सामुदायिक परिचालन र क्षमता विकास

(ख) **भौतिक वातावरण**

- वन पथको निर्माण गरी वनमा रहेका वन पैदावरहरू सरल तरिकाले संकलन, वन डढेलो नियन्त्रण गर्ने र वन गस्ती सरल हुने

(ग) **जैविक वातावरण**

- दिगो वन व्यवस्थापन
- वासस्थानको व्यवस्थापन
- वन्यजन्तुको जैविक मार्ग व्यवस्थापन
- वन डढेलो रोकथाम

## ६.२ नकारात्मक प्रभाव

**क) सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण**

- स्थानीयको गुनासो
- धार्मिक, सामाजिक एवं साँस्कृतिक मूल्य मान्यताहरुमा पर्ने प्रभाव

**(ख) जैविक वातावरण**

- वन्यजन्तु र यसको वासस्थानमा खलल पुग्ने

**(ग) भौतिक वातावरण**

- भू-उपयोगमा परिवर्तन
- प्रदुषण

## परिच्छेद-७: प्रस्तावित कार्यान्वयनका विकल्पहरू

यो प्रस्ताव कार्यान्वयनको क्रममा पारिस्थितिक अनुकूलता, प्राविधिक सम्भाव्यता, आर्थिक व्यवहार्यता तथा वातावरणीय दिगोपनलाई विशेष ध्यानमा राख्नुपर्दछ। यस विशेष कार्ययोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको क्रममा निम्न विकल्पहरूको लेखाजोखा गर्नुपर्दछ।

**(क) डिजाइनको विकल्पः** यसमा विशेष कार्ययोजना कार्यान्वयनका लागि तयार गरिएका योजनाको विश्लेषण गरी उपलब्ध विधि, प्रविधि तथा प्रणालीहरूको अवलोकन गर्दै योजना वातावरणमैत्री र प्रभावकारी बनाउनुपर्ने।

**(ख) योजना कार्यान्वयन स्थलको विकल्पः** वन पैदावार सङ्कलन गर्दा वातावरणीय प्रभाव न्यून गर्न विभिन्न पद्धतिहरूको सापेक्षिक रूपमा उपयुक्त स्थलहरूको पहिचान गर्नुपर्ने। यी स्थलहरूमा वन पैदावार सङ्कलन गर्दा जैविक विविधतामा न्यूनतम प्रभाव पर्ने स्थान र पद्धतिहरूको चयन गर्नुपर्ने।

**(ग) प्रविधि विकल्पः** योजना कार्यान्वयनको अवस्थामा वातावरणीय प्रभाव कम गर्ने प्रकारका प्रविधिहरू पहिचान गर्नुपर्ने। सरल र सजिलै उपलब्ध वातावरणमैत्री प्रविधिको प्रयोग प्राथमिकताका आधारमा गर्नुपर्ने।

**(घ) कार्य सञ्चालन तथा समय तालिकाका विकल्पः** कार्यक्रम कार्यान्वयन चरणमा हुने विभिन्न गतिविधिहरूको समयतालिकामा परिमार्जन गर्न आवश्यक परेमा स्थान, मौसम, उपलब्ध जनशक्ति र स्रोतको आधारमा कार्य सञ्चालन तालिका तयार गर्नुपर्ने।

# परिच्छेद-८: प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका उपायहरू

यस विशेष कार्ययोजना कार्यान्वयनका क्रममा सम्भावित प्रभावहरूको अवस्थिति, त्यसका न्यूनीकरणका उपाय, अनुगमन विधि तथा समयतालिका समेटी वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्दछ। यसका साथै, सकारात्मक प्रभावहरूलाई बढावा र नकारात्मक प्रभावहरूलाई न्यून गर्न आवश्यक उपायहरू अपनाउनुपर्नेछ। अनुगमन तथा कार्यान्वयनका लागि जिम्मेवार निकायहरूलाई जिम्मेवारी प्रदान गर्नुपर्दछ। प्रस्ताव कार्यान्वयनका गर्दा देहाय बमोजिमका उपायहरू अपनाउनुपर्नेछ :

**(क) प्रतिरोधात्मक उपायहरूः** यस विशेष कार्ययोजना कार्यान्वयनका क्रममा वातावरणीय प्रभाव पर्नु अघिनै त्यस्ता प्रभाब हटाउन अवलम्बन गरिने उपायहरू (प्रतिरोधात्मक उपाय) अपनाइनेछन् जस्तैः

- सरोकारवालाको क्षमता विकास तथा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन
- सामाजिक सहयोग अभिवृद्धि सम्बन्धी उपायहरू

**(ख) सुधारात्मक उपायहरूः** यस विशेष कार्ययोजना कार्यान्वयनका क्रममा देखा पर्न सक्ने नकारात्मक प्रभावहरूलाई कम गरी स्वीकारयोग्य तहसम्म ल्याउनका लागि सुधारात्मक उपायहरू अवलम्बन गरिनेछ जस्तैः

- प्राकृतिक संसाधन संरक्षणमा टेवा पुऱ्याउने उपाय
- फोहोरमैला व्यवस्थापन
- भू-क्षय नियन्त्रणका उपाय अवलम्बन
- वन अतिक्रमण नियन्त्रण गरी अतिक्रमित क्षेत्रलाई पुनः वन क्षेत्रका रूपमा पुनर्स्थापना

**(ग) क्षतिपूर्ति उपायहरूः** यस विशेष कार्ययोजना कार्यान्वयनका क्रममा वातावरणीय नकारात्मक प्रभावहरू कम गर्न वा हटाउन नसक्ने भएमा प्रभावको क्षतिपूर्ति स्वरूप उपायहरू अवलम्बन गरिनेछ जस्तैः

- प्रभावित व्यक्तिलाई क्षतिपूर्ति

प्रभाव न्यूनीकरण तथा बढोत्तिकरणका लागि निम्न म्याट्रिक्स प्रयोग हुनेछः

## सकारात्मक प्रभाव बढोत्तरीका उपायहरु सहितको योजनाको खाका

| विषयगत क्षेत्र | प्रभाव | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट र समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| १. आर्थिक-सामाजिक-साँस्कृतिक वातावरण | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| २. भौतिक वातावरण | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| ३. जैविक वातावरण | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु सहितको योजनाको खाका

| विषयगत क्षेत्र | प्रभाव | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट र समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक-सामाजिक-साँस्कृतिक वातावरण | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| भौतिक वातावरण | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जैविक वातावरण | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# परिच्छेद-९ः प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने विषय

## ९.१ अनुगमन योजना

वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरण तथा अनुकूल प्रभाव वृद्धि गर्नका लागि गरिने क्रियाकलापहरूको निरन्तर जाँचबुझका लागि तयार गरिने योजनालाई नै वातावरणीय प्रभाव अनुगमन योजना भनिन्छ। यस योजनाअन्तर्गत अनुगमन गरिने प्रभावहरू पहिचान गरी तिनका लागि उपयुक्त सूचकहरू तयार गर्नुपर्दछ। साथै, अनुगमन गर्ने समयतालिका, अनुगमनको विधि, प्रकार तथा जिम्मेवार निकायसमेत निर्धारण गर्नुपर्दछ। सामान्यतः कुनै पनि प्रस्तावित योजना कार्यान्वयन तथा सञ्चालनका क्रममा निम्न तीन प्रकारका अनुगमन (क) प्रारम्भिक अवस्थाको अनुगमन (ख) नियमपालन अनुगमन (ग) प्रभाव अनुगमन हुने गरेको पाईन्छ।

**वातावरणीय अनुगमन योजनाको खाका**

| अनुगमन प्रकार | सूचक | विधि | स्थान | समय | अनुमानित लागत | अनुगमन निकाय |
|---|---|---|---|---|---|---|
| **आधारभूत अनुगमन (सबै चरण र वातावरण)** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **प्रभाव अनुगमन (सबै चरण र वातावरण)** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **नियमपालन अनुगमन (सबै चरण र वातावरण)** | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ९.२ वातावरणीय व्यवस्थापन योजना

वातावरणीय व्यवस्थापन योजनाले प्रस्तावित व्यवस्थापन योजनाले उत्पन्न गर्न सक्ने वातावरणीय प्रभावहरूको व्यवस्थापन तथा न्यूनिकरणका लागि आवश्यक कार्यसूची प्रस्तुत गर्दछ। यस योजनामा प्रभाव व्यवस्थापनका लागि अपनाइने उपाय, कार्यान्वयनको स्थान, समय, अनुमानित लागत, जिम्मेवार निकाय तथा कार्यान्वयन अवधि स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ। प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको सिलसिलामा आवश्यक भएमा वातावरणीय व्यवस्थापन योजनालाई छुट्टै दस्तावेजको रूपमा पनि तयारी गर्न सकिन्छ। प्रस्तुत योजना कार्यान्वयन चरणमा हुने क्रियाकलापहरुको अनुगमन गर्न महत्वपूर्ण आधारका रूपमा रहनेछ।

## परिच्छेद-१०: अन्य आवश्यक विषय

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ११ बमोजिमको ढाँचामा स्थलगत सर्वेक्षण र अन्य स्रोतबाट संकलन गरिएका तथ्यांकको आधारमा प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार गर्नुपर्दछ। वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ११ मा उल्लेख गरिएका सम्पूर्ण विषयहरुलाई समावेश गरी प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दा निम्न कागजहरु समेत प्रतिवेदनमा समावेश गर्नुपर्दछ।

- कार्यसूची प्रतिवेदन तयारी तथा स्वीकृति।
- वातावरण संरक्षण नियमावली, २०७७को नियम ७ को उपनियम (२) संग सम्बन्धित अनुसूची ९ बमोजिमको ढाचामा प्रस्तावक वन व्यवस्थापन शाखाले स्थानिय पत्रिकामा प्रकाशन गरेको सूचना र प्रस्ताव कार्यान्वयन हुने नगरपालिका/गाउपलिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरु, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलमा सूचना टास गरेको मुचुल्का।
- नगरपालिका/गाउँपालिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरु,सामुदायिक विद्यालय, सामुदायिक वन उपभोक्ता समिति बाट प्राप्त राय सुझाब सहितको सिफारिस पत्र।
- सार्वजनिक सुनुवाईसंग सम्बन्धित कागजातहरु।
- आयोजना कार्यान्वयन क्षेत्रसंग सम्बन्धित विवरण, तस्बिर, नक्सा, आदि।
- स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नावली वा विषयवस्तुको सुची।
- सार्वजनिक सुनुवाइबाट प्राप्त सुझावहरू समावेश गरी प्रारम्भिक वातावरणीय परीक्षणको मस्यौदा प्रतिवेदन तयारी ।
- सम्बन्धित मन्त्रालय/विभाग/ प्रदेश सरकारमा अन्तिम प्रतिवेदन पेश तथा स्वीकृति।

**अध्ययन दल**: परामर्शदाता टोलीको संरचना वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम ६ संग सम्बन्धित अनुसूची १३ मा तोकिए बमोजिम हुनुपर्नेछ। परामर्शदाता वन तथा भू-संरक्षण विभागका उप-महानिर्देशक तथा डब्लुडब्लुएफ नेपालका वन तथा भू-परिधि कार्यक्रम प्रमुखसँग समन्वय गरि कार्य गर्नेछन्।

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना (Proposal Submission)**

नेपालमा VAT मा दर्ता भएका इच्छुक संस्थाहरूलाई प्राविधिक तथा वित्तीय प्रस्ताव इलेक्ट्रोनिक माध्यमबाट proposals-forests@wwfnepal.org मा पेश गर्न अनुरोध गरिन्छ। इमेलको विषय (Subject) मा "PROPOSAL- IEE of Laljhadi Mohana FCA Plan" उल्लेख गर्नुपर्नेछ। प्रस्ताव पेश गर्ने अन्तिम म्याद नेपाली समय अनुसार डिसेम्बर ३१, २०२५ बेलुका ५:०० बजेसम्म हुनेछ।

प्रस्तावमा निम्न कागजातहरू अनिवार्य रूपमा समावेश हुनुपर्नेछः

- प्रस्तावको कुल बजेट उल्लेख गरिएको कभर लेटर- हस्ताक्षर सहित (Signed cover letter)
- प्राविधिक प्रस्ताव (Technical proposal)
- विज्ञ/विज्ञहरूको CV
- सम्बन्धित अनुभवसहितको संस्थागत प्रोफाइल
- वित्तीय प्रस्ताव (Financial proposal) (ढाँचाकोलागि अनुसूची १ हेर्नुहोस्)
- संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र (organization registration and renewal certificate)
- VAT दर्ता प्रमाणपत्र
- पछिल्लो कर चुक्ता प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदन (Latest tax clearance and Audit report)

## भुक्तानीको तरिका

डब्लुडब्लुएफ नेपालको मापदण्ड तथा स्वीकृत कार्यसुची अनुसार कार्यसम्पादन भई सम्बन्धित मन्त्रालय/विभाग/ प्रदेश सरकारबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन (deliverables) पेश गरेपछि मात्र भुक्तानी गरिनेछ। भुक्तानीमा प्रचलित नियमअनुसार कर कट्टी लागु हुने व्यहोरा जानकारी गराइन्छ।

## बजेट

कृपया तल प्रदान गरिएको ढाँचाअनुसार बजेट तयार गर्नुहोस्।

अनुसूची १: बजेट ढाँचा

| क्र.सं. | विवरण | एकाइ | परिमाण | दर | रकम (नेपाली रुपैंया) |
|---|---|---|---|---|---|
| **१** | **शुल्क (Fee)** | | | | **XXXXX** |
| १.१ | टिम लिडर- नाम | दिन | | | XXXX |
| १.२ | विज्ञ - नाम १ | दिन | | | XXXX |
| १.३ | विज्ञ - नाम २ | दिन | | | XXXX |
| १.४ | विज्ञ - नाम ४ | दिन | | | XXXX |
| १.५ | ........... | दिन | | | XXXX |
| | शुल्कमा १३% VAT | | | | XXX |
| **२** | **अन्य खर्च** | | | | **XXXXX** |
| **२.१** | **फिल्डसम्बन्धी खर्च** | | | | **XXXXX** |
| २.१.१ | यातायात | दिन | | | XXXX |
| २.१.२ | खाना तथा आवास | दिन | | | XXXX |
| २.१.३ | हवाई भाडा | यात्रा | | | XXXX |
| २.१.४ | सार्वजनिक परामर्श / सुनुवाई / बैठक | कार्यक्रम | | | XXXX |
| **२.२** | **अन्य लागत** | | | | **XXXXX** |
| २.२.१ | सञ्चार | प्याकेज | | | XXXX |
| २.२.२ | स्टेसनरी | प्याकेज | | | XXXX |
| | ............... | | | | XXXX |
| | अन्य खर्चमा १३% VAT | | | | XXX |
| | कुल जम्मा (१+२) | | | | XXXXXX |

नोटः आवश्यकताअनुसार पंक्ति थप/परिमार्जन गर्न सकिनेछ।